# स्थानीय राजपत्र


## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (८), साउन १ गते, २०८१ साल संख्याः १


# भाग १

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी हुप्सेकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

# <u>हुप्सेकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१</u>

सम्वत् २०८१ सालको ऐन नं. १

# हुप्सेकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावनाः**

हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक संकलन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हुप्सेकोट गाउँ सभाले यो ऐन वनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

१.यो ऐनको नाम "**हुप्सेकोट गाउँपालिकाको आर्थिक ऐन, २०८१**" रहनेछ।

२.यो ऐन गाउँसभावाट पारित भए पछि श्रावण १ गतेबाट हुप्सेकोट गाउँपालिकाको सरहद भित्र लागु हुनेछ ।

**२.सम्पत्ति करः**

गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) वमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

**३.भुमि करः (मालपोत)**

हुप्सेकोट गाउँपालिका क्षेत्र भित्र अनुसुची (२) वमोजिम भुमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ । सम्पत्ति कर लगाएको अवस्थामा सम्पत्ति कर भित्र परेको घर र जग्गा यस दफा अनुसार भुमि कर लाग्ने छैन ।

**४.घर जग्गा वहाल करः**

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएको अनुसूची (३) वमोजिम घर जग्गा वहाल कर लगाईने र असुल उपर गरिनेछ ।

**५.व्यवसाय करः**

गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

**६.जडिबुटी, कवाडी र जीवजन्तु करः**

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

**७.सवारी साधन करः**

गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) मोजिम वार्षिक कर लगाइनेछ र उक्त कर सम्बन्धी प्रदेशले असुल गरि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा राजश्व बाडँफाँट गरिनेछ ।

**८.विज्ञापन करः**

गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। यसरी संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेका विज्ञापन कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँट गरिनेछ ।

**९.मनोरञ्जन करः**

गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम कर लगाईने र असुल उपर गरिनेछ । यसरी संकलन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ वमोजिम सम्वन्धित प्रदेशले निर्धारण गरेको

विज्ञापन कर समेत संकलन गरि प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँट गरिनेछ ।

**११.वहाल विटौरी शुल्कः**

गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका हाट बजार पसल वा सरकारी जग्गामा अनुसूची (९) मा उल्लेख भए अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२.सेवा शुल्क, दस्तुरः**

गाउँपालिकावाट निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

**१३.पर्यटन प्रवेश शुल्कः**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क, चिडीयाखाना ऐतिहासिक तथा पुरातात्विक सम्पदा सङ्ग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची (११) मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४.ढुङ्गा, गिट्टि, वालुवा उत्खननः**

गाउँपालिका क्षेत्र भित्र निजि तथा सार्वजनिक स्वामित्वमा रहेका जग्गा, जमिनवाट ढुङ्गा, गिट्टी बालुवा उत्खनन् गर्दा अनुसुची (१२) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१५.पटके व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र घुम्ती व्यापार गर्नेलाई अनुसूची- १३ मा उल्लेख भए अनुसार कर लगाइने छ तर गाउँपालिकामा व्यवसाय दर्ता गर्नेको हकमा यस दफा लागु हुने छैन ।

**१६.निकासी करः**

गाउँपालिका क्षेत्र भित्र उत्पादित तथा संकलित वस्तु अन्यत्र लैजादा अनुसूची (१४) मा व्यवस्था भए वमोजिम कर लगाईनेछ ।

१६.गाउँपालिका क्षेत्रका सार्वजनिक पर्ती जग्गा, पहाड, ढुङ्गा एंव प्राकृतिक संरचनाहरुलाई प्राकृतिक संरचनामा आमुल परिवर्तन नहुने गरि मुल संरचना संरक्षण गर्ने गरि पर्यटन प्रवर्दधन, साहासिक खेल पद मार्ग लगायतका प्रयोजनका लागि गाउँ कार्यपालिकाको निर्णय वमोजिम उपयुक्त र वैज्ञानिक विधि अवलम्वन गरि भाडामा दिईनेछ ।

१६.वार्षिक २० जना भन्दा वढीलाई १२ महिना प्रत्यक्ष रोजगारी दिने उद्योग, व्यवसायलाई उद्योग र व्यवसाय स्थलसम्म पुग्ने पँहुच मार्ग, खानेपानी विद्युत आदि गाउँपालिकाले निर्माण गरिदिने छ ।साथै ३ वर्षसम्मका लागि गाउँपालिकाले तय गरेका सबै कर छुट दिने व्यवस्था गरिनेछ ।

**१७. करका दर कायम गर्ने एंव छुट दिनेः**

यस ऐन बमोजिम अनुसूचीमा समावेश नभएका नँया शीर्षकमा कर लगाउनु पर्ने भएमा वा कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिनु पर्ने भएमा सोको निर्णय गाउँ सभाले गर्न सक्नेछ ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः**

यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँकार्यपालिकाले तोके अनुसार हुनेछ ।

१९. कर दस्तुर तथा सेवा शुल्क सम्बन्धमा कुनै विवाद आएमा गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

# अनुसूची—१

## कर, शुल्क, दस्तुर को दररेट

### सम्पत्ति करः

क. सम्पत्ती मूल्याङ्कन गाउँ कार्यपालिकाको निर्णय बमोजिम गरिनेछ ।

ख. हुप्सेकोट गाउँपालिका क्षेत्र भित्र आफ्नो नाममा रहेको सबै जग्गा र सो जग्गामा बनेको भौतिक संरचनाहरुको एकमुष्ठ सम्पत्ति मूल्याङ्कन गरी हुन आउने मूल्यका आधारमा कर निर्धारण गर्ने ।

ग. सम्पत्तिको कर बुझाउने कुनै कर दाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाँकी रहने रकममा २५ प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गर्ने ।

घ. जग्गाको मूल्याङ्कन गर्दा मिति २०७३/११/२७ तथा सो भन्दा पछि घोषणा भएको यस गाँउपालिकाको क्षेत्रमा रहेको कृषि कार्यमा प्रयोजन भएको जग्गाको मालपोत रजिष्ट्रेशन २०८१/०८२ को मूल्याङ्कनलाई आधार मानी सम्पत्ति करका लागि मूल्य कायम गरिनेछ ।

कर योग्य आयको अधिकतम वा न्युनतम दर रेट

| क्र.सं. | राजश्वको क्षेत्रहरु | आ.व.२०८१/०८२ को दर |
|---|---|---|
| १ | रु.१ लाख देखि १० लाख सम्म | ५० |
| २ | रु.१० लाख देखि २० लाख सम्म | २०० |
| ३ | रु.२० लाख देखि ३० लाख सम्म | ३०० |
| ४ | रु.३० लाख १ देखि माथि ५० लाख सम्म | ०.०२ प्रतिशत |
| ५ | रु.५० लाख देखि १ करोड सम्म | ०.०२५ प्रतिशत |
| ६ | रु.१ करोड १ देखि २ करोड सम्म | ०.०३५ प्रतिशत |
| ७ | रु.२ करोड १ देखि ३ करोड सम्म | ०.०४ प्रतिशत |

| | | |
|---|---|---|
| ८ | रु ३ करोड १ देखि माथि जतिसुकै भएपनि | ०.०५ प्रतिशत |

## घर तथा भौतिक संरचना तर्फ

सम्पत्ती कर निर्धारण प्रयोजनका लागी घर तथा भौतिक संरचनाहरुको मुल्याङ्कन दररेट देहाय बमोजिम हुनेछ ।

| प्रकार | आ.व. २०८१/०८२ को दर रु. | |
|---|---|---|
| | दररेट (प्रति वर्गफुट) | ह्रासकट्टी दर प्रतिशत (प्रतिवर्ष) |
| आर सि.सी.फ्रेम स्ट्रक्चर | १००० | १ |
| सिमेन्ट जोडाइ इटा वा ढुंगाको गारो आर सि.सी छाना भएका घरहरु | ८०० | २ |
| माटोको जोडाइ इटा वा ढुंगाको गारो आर सि.सी छाना भएका घरहरु | ६०० | ३ |
| सिमेन्ट जोडाइ इटा, ढुंगा वा ब्लगको गारो जस्ता छानाभएका घरहरु | ६०० | २ |
| माटोको जोडाइ इटा र ढुंगा वा ब्लगको गारो जस्ता छाना भएका घर | ४०० | ३ |
| सिमेन्ट जोडाइमा इटा वा ढुंगाको गारो भइ टायलको छाना भएका घरहरु | ४०० | ३ |
| काठको घर | २०० | ५ |

## अनुसूची -२

## भुमि कर

| आ.व. २०८१/०८२ को दर रु. | | |
|---|---|---|
| १ | मालपोत तथा भूमि करः | |
| १.१ | प्रतिकठ्ठा तराई क्षेत्रमा | रु. ३०/- |
| | प्रति रोपनी तराई क्षेत्रमा | रु. ३५/- |
| १.२ | प्रति रोपनी पहाडी क्षेत्रमा अब्बल, दोयम | रु. १५/- |
| | सिम, चाहर | रु. १०/- |

## अनुसूची -३

## घरजग्गा वहाल करः

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छुप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएमा वहाल रकमको १० प्रतिशतका दरले  घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ । यसका लागि घर/जग्गाधनी र भाडामा लिने बिचको सम्झौतालाई आधार लिइनेछ तर सम्झौतामा उल्लेखित भाडा रकम चलन चल्ती भन्दा अस्वभाविक रुपमा न्युन उल्लेख भई आएमा चलन चल्तीको भाडादर समेतलाई आधार लिन सकिनेछ ।

# अनुसूची - ४
## व्यवसाय कर

| सि.नं. | विवरण | आर्थिक वर्ष ०८१/८२ |
|---|---|---|
| | **व्यापारीक बस्तु** | |
| १ | **मदिरा पसल** | |
| १.१ | रक्सी, वियरको डिस्टिव्यूटर्स | ८,०००/- |
| १.२ | रक्सी, वियरको थोक पसल | ३,०००/- |
| १.३ | रक्सी, वियरको खुद्रा बिक्री पसल | १,५००/- |
| २. | **सुर्तिजन्य (धुम्रपान)पसल** | |
| २.१ | चूरोट, वडी, सुर्तीजन्य पदार्थको थोक पसल | १,५००/- |
| २.२ | चूरोट, वडी, सुर्तीजन्य पदार्थको खुद्रा पसल | १,०००/- |
| ३. | **हल्का पेय पदार्थ पसल** | |
| ३.१ | हल्का पेय पदार्थ डिलर | १,५००/- |
| ३.२ | हल्का पेय पदार्थ खुद्रा पसल | १,०००/- |
| ४. | **सुन चाँदी पसल** | |
| ४.१ | सुन चाँदी पसल श्रेणी क (१५ लाख भन्दा माथि) | २,५००/- |
| ४.२ | सुन चाँदी पसल श्रेणी ख (५ लाख देखि १५ लाख सम्म) | २,०००/- |

| | | |
|---|---|---|
| ४.३ | सुन चाँदी पसल श्रेणी ग (५ लाख सम्म) | १,५००/- |
| **५.** | **औषधी व्यवसाय** | |
| ५.१ | औषधी खुद्रा फार्मेसी पसल | २,०००/- |
| ५.२ | डाक्टर भएका पोलिकिल्नीक वा मेडिकल | ५,०००/- |
| ५.३ | आयुर्वेद मेडिकल वा खुद्रा पसल | १,०००/- |
| **६.** | **एग्रोभेट औषधी पसल** | |
| ६.१ | एग्रोभेट खुद्रा पसल | १,०००/- |
| **७.** | **स्टेशनरी तथा पुस्तक पसल** | |
| ७.१ | स्टेशनरी तथा पुस्तक खुद्रा | १,०००/- |
| **८.** | **कस्मेटिक पसल** | |
| ८.१ | कस्मेटिक खुद्रा पसल (व्युटीपार्लर सहित) | १,०००/- |
| ८.२ | कस्मेटिक खुद्रा पसल (व्युटीपार्लर बाहेक) | ५००/- |
| **९.** | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| ९.१ | मोटर पार्ट सामान विक्री श्रेणी ख (सर्भिस सहित) | २,५००/- |
| **१०.** | **लुब्रिकेसन सेक्सन तर्फ** | |
| १०.१ | लुब्रिकेसन खुद्रा पसल | २,०००/- |
| **११.** | **प्लाई तथा ग्लास हाउस** | |
| ११.१ | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | ३,०००/- |
| **१२.** | **कपडा तथा फेन्सी पसल** | |

| | | |
|---|---|---|
| १२.१ | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क (१० लाख भन्दा माथि) | १,५००/- |
| १२.२ | कपडा, फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख (१० लाख भन्दा कम) | १,०००/- |
| **१३.** | **धागो टाँक फस्नर थोक पसल** | |
| १३.१ | धागो, टाँक, फस्नर खुद्रा पसल | ५००/- |
| **१४.** | **इलेक्ट्रोनिक विक्री पसल** | |
| १४.१ | इलेक्ट्रोनिक खुद्रा पसल | १,०००/- |
| १४.२ | फोटो स्टुडियो | १,०००/- |
| १४.३ | केवल नेटवर्क | २,०००/- |
| १४.४ | इन्टरनेट सेवा प्रदायक | २,०००/- |
| **१५.** | **विद्युत सामाग्री पसल** | |
| १५.१ | विद्युत सामाग्री खुद्रा पसल | १,०००/- |
| **१६.** | **हार्डवेयर/मेशिनरी/पेन्ट/सेनटरी तथा मार्बल पसल** | |
| १६.१ | हार्डवेयर व्यवसाय | ७,०००/- |
| १६.२ | निर्माण सामाग्री/सप्लायर्स | ३,०००/- |
| **१७.** | **पेट्रोलियम पदार्थ** | |
| १७.१ | ग्याँस सिलिण्डर डिलर सव डिलर | १,५००/- |
| **१८.** | **स्टिल, आल्मुनियमको पसल** | |
| १८.१ | स्टिल, आल्मुनियमको खुद्रा पसल | २,०००/- |

| | | |
|---|---|---|
| **१९.** | **फर्निचर पसल** | |
| १९.१ | फ्लोरिङ तथा फर्निचर्स खुद्रा पसल | २,०००/- |
| **२०.** | **दैनिक उपभोगका वस्तु** | |
| **२०.१** | **खाद्यान्न तथा किराना पसल** | |
| २०.१.१ | खाद्यान्न, किराना खुद्रा पसल | १,०००/- |
| २०.१.२ | किराना थोक पसल | २,०००/- |
| २०.१.३ | भित्री सडकमा रहेका साना किराना पसल | ५००/- |
| २०.१.४ | आलु, प्याज, लसुन, अदुवा थोक | १,०००/- |
| **२०.२** | **फलफूल पसल** | |
| २०.२.१ | फलफूल खुद्रा पसल | ५००/- |
| २०.२.२ | तरकारी खुद्रा पसल | ५००/- |
| **२१** | **भवन निर्माण व्यवसाय सुचिकरण** | |
| २१.१ | लिफ्ट सहितको प्रति मिक्स्चर तथा सर्टीङ सामान भएका | २,०००/- |
| २१.२ | सर्टीङ सामान मात्र भएको | १,०००/- |
| २१.३ | भवन निर्माण व्यवसाय | २,०००/- |
| **२२** | **उत्पादन मुलक उद्योग** | |
| २२.१ | स्टिल आल्मुनियम ग्रिल उद्योग | २,०००/- |
| २२.२ | फलामको ग्रिल उद्योग | १,०००/- |
| **२३** | **पशुपालन तथा पशु आहार उद्योग** | |

| | | |
|---|---|---|
| २३.१ | पशु आहार बिक्री केन्द्र | ५००/- |
| २३.२ | कुखुरा पालन उद्योग | |
| २३.२.१ | १००० — सम्म पालन क्षमता | ५००/- |
| २३.२.२ | पालन क्षमता १००१—३००० सम्म | १,०००/- |
| २३.२.३ | पालन क्षमता ३००१—१०००० सम्म | २,०००/- |
| २३.२.४ | पालन क्षमता १०,००० देखि माथि | ५,०००/- |
| **२४** | **कुटानी पेलानी मिल** | |
| २४.१ | सेलर मिल (प्लान्ट सहित) | २,०००/- |
| २४.२ | कुटानी पेलानी मिल | १,५००/- |
| २४.३ | घरेलु/समुहगत कुटानी पेलानी मिल | १,०००/- |
| २४.४ | मसला उद्योग | १,०००/- |
| **२५** | **डेरी उद्योग** | |
| २५.१ | डेरी उद्योग तथा विक्री पसल | ५००/- |
| **२६** | **उपभोग्य वस्तु उत्पादन उद्योग** | |
| २६.१ | कुकिज पाउरोटी उद्योग | १,०००/- |
| २६.२ | चाऊमिन उद्योग | १,०००/- |
| **२७** | **कृषि तथा वनजन्य उद्योग** | |
| २७.१ | काठको फर्निचर इन्ची बेन्च सहितको | ४,०००/- |
| २७.२ | स-मिल | १०,०००/- |

| | | |
|---|---|---|
| २७.३ | सामान्य फर्निचर उद्योग | १,०००/- |
| **२८** | **खनिज उद्योग** | |
| २८.१ | **प्राकृतिक श्रोतबाट परिचालित उद्योगहरुः** | |
| २८.१.१ | कंक्रिट ब्लग | २,०००/- |
| २८.१.२ | बालुवा प्रशोधन | २५,०००/- |
| २८.१.२ | क्रशर उद्योग | १,५०,०००/- |
| **२९** | **खाद्यान्न उद्योग** | |
| २९.१ | साना उद्योग | २,०००/- |
| २९.२ | मझौला उद्योग | ५,०००/- |
| २९.३ | ठूला उद्योग | १०,०००/- |
| २९.४ | अन्य उद्योग | ५,०००/- |
| **३०** | **पर्यटन उद्योग** | |
| ३०.१ | रिसोर्ट | ५,०००/- |
| ३०.२ | होटल भोजनलय | १,५००/- |
| ३०.३ | मिष्ठान्न क्याट्रिङ्ग पसल | ३,०००/- |
| ३०.४ | चिया/कफी सप/खाजा घर | ५००/- |
| **३१** | **वित्तीय सेवा** | |
| ३१.१ | क वर्गको वाणिज्य बैक | २०,०००/- |
| ३१.२ | विकास बैक प्रति शाखा कार्यालय | १५,०००/- |

| | | |
|---|---|---|
| ३१.३ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १२,०००/- |
| ३१.४ | लघुवित्त शाखाहरु | १०,०००/- |
| ३१.५ | रेमिटान्स तथा मनी इक्सचेज | ५,०००/- |
| ३१.६ | वित्तिय सहकारी संस्था | ५,०००/- |
| **३२** | **शिक्षण संस्था (संस्थागत तर्फ)** | |
| ३२.१ | संस्थागत विद्यालय आधारभूत तह (१-५) अनुमति | १५,०००/- |
| ३२.२ | संस्थागत विद्यालय आधारभूत तह (१-५) कक्षा थप | १०,०००/- |
| ३२.३ | संस्थागत विद्यालय आधारभूत तह (६-८) अनुमति | १७,०००/- |
| ३२.४ | संस्थागत विद्यालय आधारभूत तह (६-८) कक्षा थप | १२,०००/- |
| ३२.५ | संस्थागत विद्यालय मा. वि. तह (९-१०) अनुमति | २०,०००/- |
| ३२.६ | संस्थागत विद्यालय मा. वि. तह (९-१०) कक्षा थप | १५,०००/- |
| ३२.७ | संस्थागत विद्यालय मा. वि. तह (११-१२) अनुमति | २५,०००/- |
| ३२.८ | संस्थागत विद्यालय मा. वि. तह (११-१२) कक्षा थप | २०,०००/- |
| ३२.९ | संस्थागत कोचिङ सेन्टर | ८,०००/- |
| **३३** | **इन्जिन मर्मत सेक्सन तर्फ** | |
| ३३.१ | मोटरसाइकल मर्मत तथा वर्कसप | १,५००/- |
| **३४** | **अन्य मर्मत सेवा** | |
| ३४.१ | टि.भी. फ्रिज, डेक, कम्प्यूटर मर्मत पसल | १,५००/- |
| ३४.२ | मोबाईल मर्मत तथा बिक्री पसल | १,५००/- |

| | | |
|---|---|---|
| ३४.३ | अन्य मर्मत पसल | १,०००/- |
| **३५** | **ड्राईक्लिन सैलुन तथा ब्यूटीपार्लर** | |
| ३५.१ | ब्युटीसियन तालिम सहितको ब्युटीपार्लर | २,०००/- |
| ३५.२ | सैलुन सेवा दुई सिट भन्दा माथि | १,०००/- |
| ३५.३ | सैलुन सेवा दुई सिट सम्मको | ५००/- |
| **३६** | **माछा मासु विक्री पसल** | |
| ३६.१ | माछा मासु मध्ये कम्तिमा २ वटा वा सो भन्दा बढी एकै ठाउँमा भएको | १,०००/- |
| ३६.२ | कुनै एक प्रकारको मासु बिक्री पसल | ५००/- |
| **३७** | **फूल विरुवा विक्री पसल** | |
| ३७.१ | नर्सरी | १,०००/- |
| **३८** | **भाँडा पसल, किचन सामाग्री थोक/पुजा सामाग्री पसल** | |
| ३८.१ | साधारण भाँडा खुद्रा पसल | १,०००/- |
| ३८.२ | पुजा सामाग्री पसल | ५००/- |
| **३९** | **कृषि/पशु फर्म** | |
| ३९.१ | क) कुल पूँजी ५००००० सम्म | ५००/- |
| ३९.२ | ख) कुल पूँजी ५००००१ देखि २०००००० सम्म | ७००/- |
| ३९.३ | ग) कुल पूँजी २००००० भन्दा बढी | १,०००/- |
| ४० | विविध सप्लायर्स | ३,०००/- |
| ४०.१ | सामुदायिक वन (कारोवारको आधारमा) | १०.५% |

| | | |
|---|---|---|
| ४०.२ | काठ निकासी हुप्सेकोट भन्दा बाहिर गएमा प्रति क्युफिट | १००/- |
| **४१** | **टेलरिङ** | |
| ४१.१ | कपडा सहित | १,०००/- |
| ४१.२ | कपडा बाहेक | ५००/- |
| **४२** | **जुत्ता/चप्पल वा अन्य** | |
| ४२.१ | जुत्ता/चप्पल पसल | १,०००/- |
| ४२.२ | Arts (आर्टस) | २,०००/- |
| ४२.३ | ट्रेनिङ सेन्टर/इन्सिच्यूट्स | २,०००/- |
| ४२.४ | जिम सेन्टर | २,०००/- |
| **४३** | **घुम्ती पसल (पटके)** | |
| ४३.१ | जिप/अटोमा कपडा/फलफुल/भाडा/आइसक्रिम/अन्य (मासिक) (गा.पा. भन्दा बाहिरको लागि मात्र) | १,०००/- |
| ४३.२ | साइकलमा फलफुल/भाडा/आइसक्रिम/अन्य (मासिक) (गा.पा. भन्दा बाहिरको लागि मात्र) | ५००/- |

## अनुसूची — ५

१) जडिबुटी, कवाडी र जीवजन्तु कर, कवाडी बस्तु (काम नलाग्ने सामाग्री) संकलन केन्द्र वार्षिक रु ५०००।— तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

२) यस गाउँपालिका भित्र बाट निकासी हुने जडिबुटी, कवाडी र जीवजन्तु कर, कवाडी बस्तु निकासी बापत तपशिलको रकम लाग्नेछ ।

तपशिलः

| क्र.स. | विवरण | दर | कैफीयत |
|---|---|---|---|
| १ | ठुला गाडी निकासी कर | १५०० | |
| २ | मझौला गाडी निकासी कर | १००० | |
| ३ | साना गाडी निकासी कर | ५०० | |

३) गाउँपालिकाले कवाडी कर संकलनका लागि ठेक्का सम्झौता नगर्दा सम्मका लागि प्रतिव्यक्ति (मासिक) अटोमा रु.२०००/- र साइकलमा रु.१५००/- का दरले परिचय पत्र दिई कवाडी संकलन शुल्क लिइनेछ।

## अनुसूची — ६

## सवारी साधन कर

पटके सवारी कर आवश्यकता र औचित्यताका आधारमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची — ७

## विज्ञापन करः

| क्र.स. | विवरण | | |
|---|---|---|---|
| | | पटके रु.(प्रति वर्ग फिट) | बार्षिक रु.(प्रति वर्ग फिट) |
| १. | होडिङ बोर्ड, नियोन साइन तथा अन्य ठुला | २ | १० |

| | | | |
|---|---|---|---|
| | विद्यूतीय बोर्डहरु | | |
| २. | ग्लो साइनबोर्ड, डी.पी.एस. बोर्ड आदि | १ | ५ |
| ३. | भित्ते लेखन | | १० |
| ४. | तुल, व्यानर | २ | |
| ५ | पेन्टर | | २५०० |

(क) **विज्ञापन कर निम्नानुसार हुनेछः**

(१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामाग्री राख्न  पाइने छैन ।

(२) भवनको झ्याल छोप्ने गरी परिचपाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

(३) बाटोको सीमाना देखि दश फिट भित्र तथा संधियारको सिमाना देखि पाँच फिटभित्र र अनुमति वेगरको सार्वजनिक स्थान, संस्थान, कार्यालय वा सार्वजनिक सेवाप्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

(४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माण कर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्वीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

(५) भवन, जग्गा, व्यापारिक वा व्यावसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट, बैंक वित्तिय संस्था, विद्यालय, सिनेमाहल र पेट्रोल पम्प वा जुनसुकै भवनको कम्पाउण्ड तथा भित्रि भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका समाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

(६) जनजातीहरूको मातृभाषामा लेखिएको विज्ञापनमा ५० प्रतिशत विज्ञापन कर छुट हुनेछ ।

(७) सुर्तिजन्य, मदिरा, प्रदेश सरकार, संघीय सरकार र हुप्सेकोट गाउँपालिकाले प्रतिवन्ध गरेको वस्तु सामानको विज्ञापन प्रचार प्रसार गर्न पाइने छैन ।

**मनोरञ्जन करः-** गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

## अनुसूची -९

## वहाल विटौरी कर (हाटवजार कर)

| क्र.स. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १ | दैनिक उपभोग खाद्य बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| २ | काठ तथा माटोको भाँडा बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ३ | कपाल काट्ने ज्यासल पसल | प्रतिहाट | रु.५०/- |
| ४ | माछा तथा मासु बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ५ | कपडा बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ६ | तरकारी तथा फलफुल बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ७ | जुत्ता, चप्पल बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ८ | फलाम, तामा, स्टिल, बेच्ने पसल | प्रतिहाट | रु.५०/- |
| ९ | अन्य पसल | प्रतिहाट | रु.५०/- |

सार्वजनिक क्षेत्रमा निर्मित सबै टावरहरुलाई प्रतिटावर वार्षिक रु.२०,०००/- एकमुष्ठ सेवा शुल्क लिने। यसमा नपरेका अन्य कर गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

# अनुसूची-१०

## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | आ.व.२०८१/०८२ |
|---|---|---|
| १ | **सिफारिस दस्तुरः** | |
| १.१ | नागरिकता सिफारिस | रु.२००/- |
| १.२ | नागरिकता प्रतिलिपी | रु.५००/- |
| १.३ | अंगीकृत नागरिकता सिफारिस | रु.१,५००/- |
| १.४ | नाबालक सिफारिस | रु.५००/- |
| १.५ | पारिवारिक पेन्शन सिफारिस | रु.५००/- |
| १.६ | दैवी प्रकोप/अपाङ्ग परिचय-पत्र/असहाय/छात्रवृत्ति सिफारिस | निशुल्क |
| १.७ | दलित, जनजाती तथा अल्पसंख्यक सिफारिस | रु. २५०/- |
| १.८ | घरेलु सिफारिस | रु. २५०/- |
| १.९ | पेन्सन सिफारिस | रु. १,०००/- |
| १.१० | विविध सिफारिस दस्तुर (नेपालीमा) | रु.२५०/- |
| १.११ | विविध सिफारिस दस्तुर (अंग्रेजीमा) | रु.५५०/- |
| २ | **प्रमाणित सम्बन्धी** | |
| २.१ | नाता प्रमाणित (नेपालीमा) | रु.३००/- |
| २.२ | नाता प्रमाणित (अंग्रेजीमा) | रु.५००/- |
| २.३ | बाटो प्रमाणित | रु.७५०/- |

| | | |
|---|---|---|
| २.४ | चारकिल्ला प्रमाणित | रु.५००/- |
| २.५ | विवाहिता/अविवाहिता/बसोबास/जन्म/मृत्यु प्रमाणित (नेपालीमा) | रु.२५०/- |
| २.६ | विवाहिता/अविवाहिता/बसोबास/जन्म/मृत्यु प्रमाणित (अंग्रेजीमा) | रु.५५०/- |
| २.७ | चारित्रिक प्रमाणित | रु.३००/- |
| २.८ | एउटै व्यक्ति प्रमाणित | रु.२५०/- |
| २.९ | हकवाला प्रमाणित | रु.३००/- |
| २.१० | Tax clearance certificate प्रमाणित | रु.५५०/- |
| २.११ | Occupation certificate प्रमाणित | रु.५५०/- |
| २.१२ | घरजग्गा वहाल कर( घर,जग्गा,टावर लगायत भाडामा लगाइएकोमा | रु.१०५/- |
| ३ | **विद्युत जडान/नामसारी/ठाउँसारी (उद्योग):** | |
| ३.१ | क) १० हर्स पावर क्षमताको थ्री फेस लाईन | रु.५००/- |
| ३.२ | ख) १० हर्स पावर क्षमता भन्दा माथि थ्री फेस लाईन | रु.१,०००/- |
| ३.३ | विद्युत जडान नामसारी/ठाउँसारी कृषि प्रयोजन | रु.२५०/- |
| ३.४ | विद्युत जडान, नामसारी सिफारिस, ठाउँसारी सिफारिस | रु.३५०/- |
| ४ | **उद्योग दर्ता ठाउँसारी/नामसारी सिफारिस/गाउँपालिकामा दर्ता भएका व्यवसाय बन्द तथा नाम परिवर्तन दस्तुर** | |
| ४.१ | क) कुल पूँजी पाँच लाख सम्म | रु.१,५००/- |
| ४.२ | ख) कुल पूँजी पाँच देखि दश लाख सम्म | रु.२,५००/- |
| ४.३ | ग) कुल पूँजी दश लाख देखि बीस लाख सम्म | रु.४,०००/- |

| | | |
|---|---|---|
| ४.४ | घ) कुल पूँजी बीस देखि पचास लाख सम्म | रु.८,०००/- |
| ४.५ | ङ) कुल पूँजी पचास लाख देखि माथि | रु.२०,०००/- |
| **५** | **व्यवसाय** | |
| ५.१ | नयाँ व्यवसाय दर्ता प्रमाण-पत्र दस्तुर | रु.१००/- |
| ५.२ | व्यवसाय दर्ता खुद्रा (किराना पसल) | रु.५००/- |
| ५.३ | सबै प्रकारको व्यवसाय दर्ता संचालन सिफारिस वडा बाट | रु.५५०/- |
| ५.४ | व्यवसाय प्रमाण-पत्र प्रतिलिपि दस्तुर | रु.२५०/- |
| **५.४** | **नयाँ व्यवसाय उद्योग दर्ता दस्तुर (प्राकृतिक स्रोतजन्य उद्योग बाहेक)** | |
| ५.४.१ | क) कुल पूँजी ५०००००सम्म | रु२,०००/- |
| ५.४.२ | ख) कुल पूँजी ५००००१ देखि १०००००० सम्म | रु.३,०००/- |
| ५.४.३ | ग) कुल पूँजी १००००००१ देखि २०००००० सम्म | रु.४,०००/- |
| ५.४.४ | घ) कुल पूँजी २००००००१ देखि ५०००००० सम्म | रु.५,०००/- |
| ५.४.५ | ङ) कुल पूँजी ५००००००१ देखि माथि | रु.६,०००/- |
| **५.५** | **नयाँ व्यवसाय उद्योग दर्ता दस्तुर (प्राकृतिक स्रोतजन्य उद्योग)** | **दर्ता** |
| ५.५.१ | क) कुल पूँजी ५०००००सम्म | रु.५,०००/- |
| ५.५.२ | ख) कुल पूँजी ५००००१ देखि १०००००० सम्म | रु.१०,०००/- |
| ५.५.३ | ग) कुल पूँजी १००००००१ देखि २०००००० सम्म | रु.२०,०००/- |
| ५.५.४ | घ) कुल पूँजी २००००००१ देखि ५०००००० सम्म | रु.४०,०००/- |
| ५.५.५ | ङ) कुल पूँजी ५००००००१ देखि माथि | रु.८०,०००/- |

| | | |
|---|---|---|
| ६ | **घर/जग्गा सम्बन्धी** | |
| ६.१ | घर कायम सिफारिस दस्तुर | रु.५५०/- |
| ६.२ | सर्जमिन मुचुल्का | रु.५००/- |
| ६.३ | घर तथा जग्गा नामसारी (मालपोत) | रु.५५०/- |
| ६.४ | जग्गाधनी प्रमाण-पुर्जामा फोटो टाँस गर्ने सिफारिस | रु.५००/- |
| ६.५ | जग्गाधनी दर्ता प्रमाण-पुर्जा प्रतिलिपी सिफारिस | रु.५००/- |
| ६.६ | घर तथा बाटो भए/नभएको सिफारिस प्रतिकित्ता | रु.५००/- |
| ६.७ | साविक पुर्जा प्राप्त जग्गाको हकभोक सिफारिस | रु.१,०००/- |
| ६.८ | फिल्ड वुक कायम भएको जग्गाको हकभोग सिफारिस | रु.१,०००/- |
| ६.९ | जग्गाको मोही लगत कट्टा सिफारिस | रु.५००/- |
| ६.१० | जग्गाको श्रेश्ता कायम सिफारिस | रु.१,०००/- |
| ६.११ | जग्गा वर्गीकरण सिफारिस दस्तुर | रु.५००/- |
| ७ | **अन्य न्यायिक दस्तुर** | |
| ७.१ | मुद्दा दर्ता दस्तुर, फिराद पत्र उतार सिफारिस | रु.१५०/- |
| ७.२ | बक्सौनी, मिलापत्र दस्तुर, दुवै पक्ष सँग अलग अलग | रु.३००/- |
| ७.३ | मुद्दा फैसला/निर्णय प्रतिलिपि दस्तुर (प्रति पाना) | रु.१०/- |
| | **निजी आवासी जग्गाको रुख काट्ने सिफारिस (५ वटा सम्म न्युनतम रु.१०००/–र सो भन्दा माथि प्रति गोटा रु.३००/–)** | |
| ८ | **आय श्रोत प्रमाणित (निवेदकले पेश गरेको कागजातको आधारमा बैंकिङ प्रयोजनका लागि):** | |

| | | |
|---|---|---|
| ८.१ | क) वार्षिक रु.५ लाख सम्मको सिफारिस | रु.५००/- |
| ८.२ | ख) वार्षिक रु.१० लाख सम्मको सिफारिस | रु.१,०००/- |
| ८.३ | ग) वार्षिक रु.२० लाख सम्मको सिफारिस | रु.१,५००/- |
| ८.४ | ग) वार्षिक रु.३० लाख सम्मको सिफारिस | रु.२,०००/- |
| ८.५ | घ) वार्षिक रु.३० लाख माथिको सिफारिस | रु.२,५००/- |
| **९** | **आय श्रोत प्रमाणित (निवेदकले पेश गरेको कागजातको आधारमा वैदेशिक प्रयोजनका लागि):** | |
| ९.१ | क) रु. २५ लाख सम्म | रु.३,०००/- |
| ९.२ | ख) रु. ५० लाख सम्म | रु.५,०००/- |
| ९.३ | ग) रु. ५० लाख भन्दा माथि | रु.१०,०००/- |
| **१०** | **घटना दर्ता** | |
| १०.१ | व्यक्तिगत घटना दस्तुर पैतीस दिन पछि | रु.२००/- |
| १०.२ | व्यक्तिगत घटना दर्ता  प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु.५००/- |
| १०.३ | व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको दस्तुर | रु.२००/- |
| १०.४ | जन्म मिति, नामथर संशोधन सिफारिस | रु.३५०/- |
| **११** | **सम्पत्ति मूल्यांकन** | |
| ११.१ | सम्पत्ति मूल्यांकन (नेपालीमा) | रु.५००/- |
| ११.२ | सम्पत्ति मूल्यांकन (अंग्रेजीमा) | रु.१,०००/- |
| **१२** | **तमसुक** | |
| १२.१ | क) कुल पूँजी १०००००० सम्म | रु.५००/- |

| | | |
|---|---|---|
| १२.२ | ख) कुल पूँजी १०००००० वा सो भन्दा माथि | रु.१,०००/- |
| **१३** | **संघ/संस्था दर्ता वा नविकरण** | |
| १३.१ | संघ/संस्था दर्ता | रु.१,०००/- |
| १३.२ | आमा/महिला/समूह टोल सुधार समिति/युवा क्लब नविकरण | रु.५००/- |
| १३.३ | खानेपानी उपभोक्ता समिति सुचिकृत | रु.१,०००/- |
| **१४** | **शिक्षण संस्था (सामुदायीक तर्फ) :-** | |
| १४.१ | क) आधारभूत कक्षा थप सिफारिस (कक्षा १—५) | रु.१,०००/- |
| १४.२ | ख) आधारभूत कक्षा थप सिफारिस (कक्षा ६-८) | रु.१,५००/- |
| १४.३ | ग) मा.वि. कक्षा थप सिफारिस (कक्षा ९-१०) | रु.२,०००/- |
| १४.४ | घ) मा.वि. कक्षा थप सिफारिस (कक्षा ११-१२) | रु.३,०००/- |
| **१५** | **क) प्राविधिक शिक्षा निजी तर्फ:** | |
| १५.१ | प्रमाण पत्र तह सरह | रु.५,०००/- |
| १५.२ | १० महिने/१८ महिने | रु.४,०००/- |
| **१६** | **ख) प्राविधिक शिक्षा सामुदायिक तर्फ:** | |
| १६.१ | प्रमाण पत्र तह सरह | रु.५,०००/- |
| १६.२ | १० महिने/१८ महिने | रु.४,०००/- |
| **१७** | **घर नक्शा पास सम्बन्धी: (घर बनावट)** | **दररेट प्रति वर्गफुट** |
| १७.१ | क) RCC FRAME STRUCTURE HOME | रु. ४/- |
| १७.२ | ख) सिमेन्ट जोडाई छाना ढलान वा जस्ता (टिन) घर | रु. ३/- |

| | | |
|---|---|---|
| १७.३ | ग) माटो जोडाई छाना जस्ता (टिन) टायल र सिमेन्ट जोडाई जस्ता छाना तथा टायल छाना | रु. २.५/- |
| १७.४ | घ) कच्ची प्रकृतिका घरहरु | रु. ५००/- |
| १७.५ | ङ) नक्सा पास आवेदन दस्तुर | रु. ३००/- |
| १७.६ | च) नक्सा पास प्राविधिक परार्मश दस्तुर | रु. ५००/- |
| १७.७ | छ) परार्मशको लागि फर्म सूचिकृत दस्तुर | रु. ५००/- |
| १७.८ | ज) नक्सा पासको लागि कन्सलटेन्सी सूचिकृत दस्तुर | रु ५,०००/- |
| १७.९ | झ) निर्माण व्यवसाय सूचिकृत दस्तुर | रु.२,५००/- |
| **१८** | **नदिजन्य पदार्थको दण्ड जरिवाना** | |
| १८.१ | ट्रयाक्टर | रु. १४,०००/- |
| १८.२ | मिनि ट्रिपर | रु. २०,०००/- |
| १८.३ | ट्रिपर | रु. २५,०००/- |
| १८.४ | ब्याक हो लोडर | रु. १५,०००/- |
| १८.५ | एक्साभेटर | रु. २५,०००/- |
| | **नोटः— नदीजन्य पदार्थको एक पटक भन्दा बढी अपचलन गरेको पाईएमा माथि उल्लेखित रकमको दोब्बर दण्ड जरिवाना लाग्ने छ ।** | |
| **१९** | **फोहोरमैला व्यवस्थापन** | **मासिक** |
| १९.१ | क) प्रत्येक घरधुरी | २०/- |
| १९.२ | ख) विद्यालय | १००/- |
| १९.३ | ग) होटल तथा अन्य व्यवसाय | १००/- |

| | | |
|---|---|---|
| १९.४ | घ) ग्यारेज | १२०/- |

नोटः— महिलाको नाममा व्यवसाय दर्तामा २०% छुट हुनेछ ।

**२.६० गाउँपालिकाको सभा हल भाडा (प्रतिदिन) २०००/-**

**२.६१ गाउँपालिकाको ब्याक हो लोडर भाडा (प्रति घण्टा) २०००/-**

## अनुसूची -११

पर्यटन प्रवेश शुल्कः गाउँकार्यपालिकाको निर्णय वमोजिम हुनेछ।

## अनुसूची -१२

हुप्सेकोट गाउँपालिका क्षेत्रभित्र निजी तथा सार्वजनिक जग्गा, जमिनबाट माटो उत्खत्र गर्दा प्रदेश कानून तथा हुप्सेकोट गाउँपालिकाको कानुन बमोजिम हुनेछ ।

## अनुसूची—१३

## पटके व्यवसाय करः

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | फेन्सी/खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | गाउँपालिकामा व्यवसाय दर्ता नभएको हकमा मात्र |
| २ | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति दिन | २०० | |
| ४ | पोका/झोलामा सामान राखी मानिस आफैले बेच्ने | | प्रति दिन | २० | |
| ५ | पोका/झोलामा सामान राखी साइकलमा लिएर बेच्ने | | प्रति दिन | ५० | |
| ६ | पोका/झोलामा सामान राखी मोटरसाइकलमा लिएर बेच्ने | | प्रति दिन | ७० | |
| ७ | रांगाभैसी व्यवसायिक प्रयोजनमा आयात | | प्रति गोटा | २०० | |
| ८ | खसी बोका बंगुर व्यवसायिक प्रयोजनमा आयात | | प्रति गोटा | ५० | |
| ९ | हाँस कुखुरा र अन्य पंक्षी व्यवसायिक प्रयोजनमा आयात | प्रति गाडी | | २०० | |
| | | प्रति मोटरसाईकल | | ७० | |
| | | प्रति साईकल | | ३० | |
| १० | चनाचटपट पानी पुरी | प्रतिदिन | | ५० | |
| नोटः डोका डालामा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिईने छैन। | | | | | |

## अनुसूची-१४

गाउँपालिका क्षेत्रभित्र उत्पादित तथा संकलित वस्तु अन्यत्र लैजादा लाग्ने निकासी कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची-१५

जरिवानाः विगतका कर वक्यौतामा जरिवाना नलाग्ने अवधि आ.व. २०८१/०८२ मा ६ महिना सम्म कायम गरिएको छ । उक्त अवधिभित्र कर चुक्ता नगरेमा प्रतिवर्ष १०% का दरले जरिवाना लाग्नेछ ।

## अनुसूची-१६

यस गाउँपालिका मातहतका निकाय संचालनको लागि गठित विभित्र समिति मार्फत लिईने जुनसुकै शुल्क/दस्तुर (मासिक/वार्षिक) उक्त समितिको निर्णयसहित पेश हुन आएमा सोही बमोजिम हुनेछ ।

गाउँसभाबाट स्वीकृत मितिः- २०८१/०३/३०

प्रमाणिकरण मितिः- २०८१/०३/३०

प्रकाशित मितिः- २०८१/०४/०१

**आज्ञाले,**

**हरि प्रसाद पराजुली**

**प्रमुख प्रशासकीय अधिकृत**